# सुनछहरी गाउँपालिका गाउँसभाको २० औ अधिबेशन पहिलो बैठक मिति २०८३/०३/१० का निर्णयहरु:

| निर्णय नं | निर्णयको व्यहोरा | निर्णायार्थ प्रस्तुतकर्ता | कारण /कैफियत |
|---|---|---|---|
| १ | गाउँसभाको २० औ अधिबेशन आह्वानको पत्र वाचन गरियो र विधिवत रुपमा गाउँसभा सञ्चालन हुने जानकारी सबै सभाका सदस्यहरुलाई दिइयो । | गाउँसभा अध्यक्ष | गाउँसभा सञ्चालन कार्यविधि बमोजिम गाउँसभा अधिबेशन बैठक प्रारम्भ भएको जानकारी गराइएको । |
| २ | सुनछहरी गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम सभामा पेश भइ व्यापक छलफल गरियो र उक्त नीति तथा कार्यक्रम सभाका सदस्यहरु ज्यू बाट आएको सुझावसहित पारित गरियो । | गाउँसभा अध्यक्ष | सभामा पेश भएको नीति तथा कार्यक्रम उपर छलफल भइ सर्वसम्मतिले पारित भएको । |
| ३ | सुनछहरी गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को कुल आय र व्ययको अनुमान रु ४१ करोड ८३ लाख ७२ हजार को बजेट वक्तव्य सभामा पेश गरियो । | गाउँपालिका उपाध्यक्ष श्री ननकला घर्ती | सभामा पेश भएको बजेट तथा कार्यक्रम यसैसाथ पछाडीका पानाहरुमा राखिएको छ । |
| ४ | आर्थिक वर्ष २०८३/८४ को आर्थिक विद्येयक, २०८३ सभामा पेश गरियो । | राजस्व परामर्श समिति संयोजक श्री राज बहादुर रोकामगर | सभाको अर्को बैठकबाट पारित गर्ने |
| ५ | आर्थिक वर्ष २०८३/८४ को विनियोजन विद्येयक, २०८३ सभामा पेश गरियो । | सामाजिक विकास समिति संयोजक श्री अमरजित पुनमगर | सभाको अर्को बैठकबाट पारित गर्ने |
| ६ | सुनछहरी गाउँपालिका को आ.व. २०८१/८२ सम्मको अनियमित बेरुजु नियमित गर्ने सम्बन्धको प्रस्ताव सभामा पेश गरियो । | लेखा समिति संयोजक श्री देवीलाल रोकामगर | सभाको अर्को बैठकबाट पारित गर्ने |
| ७ | आर्थिक वर्ष २०८१/८२ को संक्षिप्त प्रगति समिक्षा र विषयगत समिति तथा कार्यपालिका बैठकका निर्णयहरु अनुमोदनका लागि पेश गरियो । | सभा सचिव श्री प्रेम बहादुर घर्ती | सभाको अर्को बैठकबाट पारित गर्ने |
| ८ | सुशासन समितिको प्रतिवेदन २०८३ सम्बन्धी प्रस्ताव सभामा पेश गरियो । | समिति संयोजक उडवीर घर्तीमगर | सभाको अर्को बैठकबाट पारित गर्ने |
| ९ | विधायन समितिको प्रतिवेदन २०८३ सम्बन्धी प्रस्ताव सभामा पेश गरियो । | समिति संयोजक धनीमान रोका | सभाको अर्को बैठकबाट पारित गर्ने |
| १० | रकमान्तर सम्बन्धी प्रस्ताव सभामा पेश गरि पारित गरियो ।<br>1. घटाउने शिर्षक<br>• कृषि तथा पशुमा आधारित साना किसान तथा युवा उद्यमशीलता साझेदारी विकास परियोजना ( हेफर) बाट रु २० लाख<br>• लार्मि झोलुङ्गे पुलका लागि साझेदारी रकम रु १३ लाख<br>• अनुगमन तथा मुल्याङ्कन खर्च रु ७ लाख ४४ हजार<br>• भैपरी आउने चालु खर्च रु ५० हजार<br>• वडा कार्यालय संचालनको लागि भैपरी आउने चालु खर्च रु २ लाख<br>• कर्मचारी प्रोत्साहन तथा पुरस्कार रु ४ लाख ५० हजार<br>• भैपरी आउने चालु खर्च रु २ लाख<br>2. बढाउने शिर्षक<br>• शैया अस्पतालको रंगरोगन खर्च रु १० लाख<br>• ५ शैया अस्पताल निर्माणको बाँकि रकम भुक्तानी रु २३ लाख<br>• ईन्धन कार्यालय प्रयोजन रु ७ लाख ४४ हजार<br>• विविध खर्च वडा कार्यालय रु २ लाख ५० हजार | आर्थिक विकास समिति संयोजक कृष्ण बहादुर बुढा | निर्णय सर्वसम्मत पारित गरियो |

| | | | |
|---|---|---|---|
| | • राष्ट्रपति रनिङ् शिल्ड तथा सुनछहरी कप बाँकि भुक्तानी रु ६ लाख ५० हजार | | |
| ११ | गाउँसभाको १८ औ अधिबेशनको बैठक मिति २०८२/०३/२७ गते बिहान ११ सम्मका लागि स्थगित गर्ने। | गाउँसभा अध्यक्ष | गाउँसभा सञ्चालन कार्यविधि बमोजिम गाउँसभाको बैठक अन्त्य गरिएको। |